आज मिति २०८१ माघ १९ गते शनिवार दिन यस मर्स्यांङदी गाउंपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्यूको अध्यक्षतामा गाउंकार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :- श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :- श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :- श्री रुद्रमान गुरुङ (वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :- श्री चेत बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :- श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा ३)

वडा अध्यक्ष :- श्री बल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :- श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :- श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :- श्री तिलं बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :- श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :- श्री हरिश्चन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :- श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :- श्री पूर्ण घले

कार्यपालिका सदस्य :- श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :- श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :- श्री मधु माया बगाले

कार्यपालिका सदस्य :- श्री सोम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :- श्री अर्जुन चपाई

अन्य उपस्थिति :

लेखा अधिकृत :- श्री मनि राना मगर

प्रशासन शाखा प्रमुख :- श्री अनिल कुमार गुरुङ



CamScanner

**मिति २०८१/१०/१९ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु :**

**निर्णय नं. १ अघिल्लो बैठकको समिक्षा सम्बन्धमा :**

मिति २०८१/०९/२९ को मर्स्याङदी गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णयहरु कार्यान्वयनको अवस्था बारे यस बैठकमा समिक्षा गरियो । साथै वडाको कार्य प्रगति बारे वडा अध्यक्ष ज्यूहरुको रिपोर्टिङ भयो ।

**निर्णय नं. २: पर्यटन प्रवर्द्धन कार्यक्रम अन्तर्गत विनियोजित बजेट सम्बन्धमा**

मर्स्याङ्दी गाउँपालिकाको आ.व.२०८१/८२ को स्वीकृत वार्षिक बजेट कार्यक्रमको कार्यक्रम खर्च अन्तर्गत क.स. ३ को पर्यटन प्रवर्द्धन कार्यक्रममा विनियोजित रकम रु २५,००,०००। (अक्षररुपी रु पच्चीस लाख मात्र) तपसिल बमोजिमको कार्यक्रमहरु सञ्चालन गर्नको लागि यस गाउँपालिकाको गाँउकार्यपालिकाको बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**तपसिल**

| पर्यटन प्रवर्द्धन कार्यक्रम | | | | |
|---|---|---|---|---|
| क्र.स. | कार्यक्रम /आयोजनाको नाम | वडा नं. | विनियोजित रु. | कैफियत |
| १ | जगत तातोपानी कुण्ड | ४ | ५००,०००.०० | |
| २ | कोजु डाँडा पिकनिक पार्क | ५ | १५००००.०० | |
| ३ | भक्ति थापा पार्क | ३ | २५०,०००.०० | |
| ४ | ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ नेपाल (टान), मालीगाउँ काठमाडौं विच भएको सम्झौता अनुसारको बाँकी भुक्तानी (दायीत्व) | | ३००,०००.०० | |
| ५ | होम स्टे तालिम | | ३००,०००.०० | |
| ५ | होम स्टे सञ्चालकहरुको अध्ययन अवलोकन भ्रमण | | ३००,०००.०० | |
| ६ | पर्यटकिय स्थलहरुमा सुचना पाटी निर्माण | | ४००,०००.०० | |
| ७ | पर्यटन प्रवर्द्धन सामाग्री निर्माण | | ३००,०००.०० | |
| | जम्मा | | २५०००००.०० | |

अर्जुन चपाई
प्रशासकीय अधिकृत)

**<u>निर्णय नं ३ :- आ.व. २०८० ८१ को संस्थागत क्षमता स्व-मूल्याङ्कन सम्बन्धमा ।</u>**

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम आर्थिक वर्ष २०८० ८१ मा यस मर्स्याङ्दी गाउँपालिकाको स्वमूल्याङ्कन गर्दा तपशिल उल्लेख भए बमोजिम प्रारम्भिक नतिजा प्राप्त भएकोले उक्त नतिजा नियमानुसार पृष्ठपोषणको लागि जिल्ला समन्वय समितिमा पठाउने निर्णय गरियो ।

**तपशिल**

१. शासकीय प्रबन्ध : ९४.४४%
२. संगठन तथा प्रशासन : १००%
३. वार्षिक बजेट तथा योजना : ७७.२७ %
४. वित्तिय एव आर्थिक व्यवस्थापन : ९०.९१%
५. सेवा प्रवाह : ८४.३८ %
६. न्यायिक कार्य सम्पादन : १०० %
७. भौतिक पूर्वाधार : ७३.०८ %
८. सामाजिक समावेशीकरण : ९० %
९. वातावरण संरक्षण तथा विपद् व्यवस्थापन : ७२.२२ %
१०. सहकार्य र समन्वय : ९५.८३ %

**जम्मा : ८६.२५ %**

**<u>निर्णय नं.-४ राष्ट्रिय योजना आयोगको समपुरक तथा विशेष अनुदान कार्यक्रम प्रस्ताव आह्वान सूचना सम्बन्धमा</u>**

नेपाल सरकार, राष्ट्रिय योजना आयोगको मिति २०८१/१०/१६ गते प्रकाशित प्रदेश सरकार र स्थानीय तहमा आ.व. २०८२/०८३ का लागि संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना बमोजिम यस मर्स्याङ्दी गाउँपालिकाको निम्न आयोजनाहरु पठाउने निर्णय गरियो।

**क) समपुरक अनुदानतर्फ:**

१. खुदी – शिउरुङ – स्याङ्गे सडक, मर्स्याङ्दी - ३,४ (क्रमागत)
२. खुदी – घनपोखरा नाँयु सडक, मर्स्यांङ्दी - ९,२,१ (क्रमागत)
३. बाहुनडाँडा – घेर्मु सडक, मर्स्याङ्दी - ६,५ (क्रमागत)
४. खुदी – पाम्पचोक – भलामचौर – घलेगाँउ सडक, मर्स्याङ्दी - ९ (क्रमागत)
५. भुलभुले - सिमलचौर - रिन्टाङ - भुस्मे सडक, मर्स्याङ्दी - ८

**ख) विशेष अनुदान तर्फ:**

१. खुदी खोला तटबन्ध, मर्स्यांङ्दी - ३,९
२. तिन ताघुङ खानेपानी योजना, मर्स्याङ्दी -४
३. भाचे खानेपानी योजना, मर्स्यांङ्दी -२
४. नायु घनपोखरा खानेपानी योजना, मर्स्याङ्दी -१
५. तराञ्चे खानेपानी योजना, मर्स्याङ्दी -७
६. रन्जित कुलो सिंचाई योजना, मर्स्याङ्दी -९

**निर्णय नं. ५ प्राथमिकताको आधारमा झोलुङ्गे पुल सिफारिस सम्बन्धमा ।**

शहरी विकास मन्त्रालय स्थानीय पूर्वाधार विभागको प.सं.२०८१/०८२ चलानी नं. ९५ मिति २०८१/०७/०८ को पत्रानुसार यस मर्स्याङदी गाउँपालिका भित्रका विभिन्न स्थानमा प्राथमिकताको आधारमा तपसिल वमोजिमका झोलुङ्गे पुल सिफारिस गरी विभागमा पठाउने यस गाउँपालिकाको गाउँकार्यपालिका वैठकमा सर्व सम्मतिले पारित गरियो ।

तपसिल:

| क.स. | झोलुङ्गे पुलको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | साप्रो खोला झोलुङ्गे पुल | मर्स्याङ्दी -५ | |
| २ | फन्क्यु झोलुङ्गे पुल | मर्स्याङ्दी -१ | |
| ३ | नाली खोला झोलुङ्गे पुल | मर्स्याङ्दी -२ | |
| ४ | तप्रो खोला झोलुङ्ग पुल | मर्स्याङ्दी - ४ | |
| ५ | किलुङ खोला झोलुङ्गे पुल | मर्स्याङ्दी - ७ | |
| ६ | सन्यासी खोला झोलुङ्गे पुल | मर्स्याङ्दी - ९ | |
| ७ | ल्पेङ खोला झोलुङ्ग पुल | मर्स्याङ्दी - ३,४ | |
| ८ | छोप्ली झोलुङ्गे पुल | मर्स्याङ्दी -४ | |

**निर्णय नं. ६: विद्यालयको नाम परिवर्तन गर्न सिफारिस गर्ने सम्बन्धमा ।**

राष्ट्रकवि माधव प्रसाद घिमिरे र भूगोलविद डा. हर्क गुरुङको जन्मस्थल यसै मर्स्याङ्दी गाउँपालिकामा भएको र वहाँहरुले राष्ट्रको निम्ति पुऱ्याउनु भएको अतुलनिय योगदानको सम्मानार्थ राष्ट्रकवि माधव प्रसाद घिमिरे जन्मनु भएको गाउँमा अवस्थित चन्द्रोदय मा.वि.को नाम परिवर्तन गरि राष्ट्रकवि माधव प्रसाद घिमिरे मा.वि. राख्न र डा. हर्क गुरुङ जन्मनु भई वहाँको समाधिस्थल समेत भएको गाउँमा अवस्थित महेन्द्रदेव मा.वि.को नाम परिवर्तन गरि डा. हर्क गुरुङ मा.वि. राख्न नेपाल सरकार, शिक्षा मन्त्रालय, गण्डकी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय लगायत आवश्यक सम्पूर्ण निकायहरुमा सिफारिसका साथ अनुरोध गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. ७: कार्यालय सहयोगी करार सेवामा नियुक्त गर्ने सम्बन्धमा :**

यस मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको कार्यालय अन्तर्गतको पानीनुन खानी आयुर्वेद औषधालय बाहुनडाँडाको कार्यालय सहयोगी श्री कमल नाथ घिमिरे मिति २०८१/१०/०४ गतेबाट अनिवार्य अवकाश हुनु भई रिक्त भएको हुँदा सेवा प्रवाहलाई थप व्यवस्थित वनाउन रिक्त कार्यालय सहयोगी पदको लागि सेवा करारमा प्रतिस्पर्धाबाट छनौट गरी कर्मचारी नियुक्त प्रकृया अगाडी वढाउने यस गाउँपालिका गाउँ कार्यपालिकाको वैठकमा सर्व सहमतिले निर्णय गरियो ।

अर्जुन चपाई
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष



CamScanner

**निर्णय नं. ८: सवारी साधन खरिद सम्बन्धमा ।**

मर्स्याङ्दी गाउपालिका गाउकार्यपालिकाको कार्यालयको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन, योजना अनुगमन, कार्यक्रम सञ्चालन तथा गुणस्तरीय बनाउनको लागि तपसिल बमोजिमको सवारी साधन आवश्यकता परेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ र नियमावली २६४ को नियम ३१ (ख) अनुसार निर्माण कम्पनी वा आधिकारिक बिक्रेतावाट क्याटलग विधिवाट खरिद गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | सवारी साधन विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | मोटर साइकल | १ | |
| २ | स्कुटर | १ | |
| ३ | गाडी (कृषि एमवुलेन्स) | १ | |

**निर्णय नं. ९: बजेट रकमान्तर सम्बन्धमा ।**

मिति २०८१ कार्तिक २९ गतेदेखि मंसिर २ गते सम्म सञ्चालन भएको छैटौं मर्स्यांङ्दी कपमा भएको खर्च रु. १२,६४,२७२/- (अक्षररुपी बाह्र लाख चौसठ्ठी हजार दुई सय बहत्तर मात्र) विनियोजित बजेटवाट नपुग भएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १२ अनुसार कार्यालय प्रमुखले कुनै बजेट शिर्षकमा विनियोजन रकम अपर्याप्त छ र खर्च नगरेमा सरकारी हानी नोक्सानी वा सरकारी काममा बाधा पर्ने देखेमा सोको स्पष्ट कारण खुलाई सोही उपशिर्षकको अर्को खर्च शिर्षकको मौज्दात रकमवाट खर्च गर्न सक्ने र त्यसरी खर्च भएको रकम नियम ४३ बमोजिम नियमित गर्ने दायित्व खर्च गर्ने अधिकारीको हुने व्यवस्था अनुरुप उक्त मर्स्यांङ्दी कप २०८१ सम्पन्न गर्न आ.व. २०८१।०८२ को लागी राष्ट्रपति रनिङ शिल्ड तयारी तथा जिल्लामा सहभागी हुनका लागी विनियोजन भएको रकम रु. ८ लाख वाट रकमान्तर गरी मर्यांङ्दी कप २०८१ सम्पन्न खर्च भुक्तानी दिन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०: यातायात वापतको रकम स्वीकृत सम्बन्धमा ।**

मिति २०८१ साल साउँन ३० गतेका दिन मर्स्याङ्दी गाउँपालिका अन्तर्गतका विद्यालयहरुका प्रधानाध्यापकहरुको वैठकले आ.व. २०८१।०८२ को बजेटमा व्यवस्था भएको वैठकको तपसिल बमोजिमको यातायात खर्चलाई कार्यपालिकाको वैठकले सर्वसहमतीले स्वीकृत गर्ने निर्णय गरियो ।

१) वडा नं. १, ४, ५, ६, ३ को घोमिङ, सिउरुङ, वडा नं. ६ को लुदी, ताराचोक, छिनखोला र प्रोविस्मा रहेका विद्यालयहरुको प्र.अ. लाई रु. १०००।-

२) वडा नं. २, ३, ७, ८, ९ का विद्यालयहरुका प्र.अ. लाई रु. ७५० (वडा नं. ३, ७ र २ को "क" मा परेको बाहेक)

अर्जुन थपाई
(प्रमुख प्रशासकीय अधिकृत)

अर्जुन गुरुङ
अध्यक्ष

**निर्णय नं ११ : आर्थिक सहयोग सम्वन्धमा :**

१) मर्स्यांङ्दी गाउँपालिकाको स्वीकृत वार्षिक वजेट कार्यक्रमको विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको सि.न.१ मा उल्लेखित विभिन्न धार्मिक,सांस्कृतिक,साहित्यिक, महोत्सव, दिवस गोष्ठि सम्वन्धी विनियोजित वजेट खर्च शिर्षकवाट तपसिल वमोजिम आर्थिक सहयोग गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

- ताघ्रङ पर्यटन महोत्सव, मर्स्यांङ्दी -४ रु.१,००,०००।- (अक्षरुपी एक लाख मात्र)
- प्रेम मिलन मा.वि. रजत जयन्ति, मर्स्यांङ्दी -४ रु. १,००,०००।- (अक्षरुपी एक लाख मात्र)

अर्जुन चपाईं
(प्रमुख प्रशासकीय अधिकृत)

अर्जुन गुरुङ
अध्यक्ष